## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः २०-२०७९/०८०

मिति २०८०/०३/०६

समय: दिनको १२:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| **नामथर** | **पद** |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०८०/०३/०६** **वैठक संख्याः २०-२०७९/०८०**

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा
२. कार्यविधि स्वीकृत सम्बन्धमा
३. थप काम गर्ने सम्बन्धमा
 क) भलेनी कल्भर्ट
 ख) सेति भतेरी कल्भर्ट
४. नृत्य प्रशिक्षण कार्यक्रम सम्बन्धमा
५. भूमि वर्गिकरण तथा भू-उपयोग योजना सम्बन्धमा
६. बुद्ध शान्ति पार्क सदस्यता सम्बन्धमा
७. सडक बत्ति महशूल सम्बन्धमा
८. परामर्शदातासँग सम्झौता सम्बन्धमा
९. सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा

**निर्णयहरुः**

**निर्णय नं. १:** यस अघिको कार्यपालिकाको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन प्रगति तथा अन्य समसामयिक विषयमा छलफल तथा समीक्षा गरियो ।

**निर्णय नं. २:** देवघाट गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गरियो ।

**निर्णय नं. ३:** थप सम्पन्न गर्नुपर्ने आयोजना सम्बन्धमा छलफल गर्दा तपसिलका आयोजनामा थप काम नगरेमा आयोजना अपुरो हुने, मानवीय तथा भौतिक क्षति हुन सक्ने भएकोले थप कामको लागि लागत इष्टिमेट अनुसारको रकम सार्वजनिक सम्पत्ति मर्मत, सुधार वा चालू भैपरी शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

क) वडा नं ५ भलेनी कल्भर्ट
ख) वडा नं ५ सेती भतेरी कल्भर्ट

साथै वडा नं. ५ खाल्डा खुल्डी परेको कामको भुटनदेवी कन्स्ट्रक्सनलाई भुक्तानी दिने र वेणी-जुगेडी धार्मिक मार्ग निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** वडा नं. ५ कालिका मा.वि. लाई नृत्य प्रशिक्षण कार्यक्रम सञ्चालनको लागि पर्यटन संस्कृति वा मिल्दो जुल्दो शीर्षकबाट रु. ६२,०००।- (अक्षरुपी बैसठ्ठी हजार) नगद भुक्तानी दिने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. ५:** भू-उपयोग योजना अन्तर्गत भूमि वर्गीकरण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदन माथि छलफल भई स्वीकृत गरियो । यस प्रतिवेदनमा छुट भएमा तथा वर्गीकरण फरक परेमा निवेदन दिनको लागि ७ दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो । साथै कुनै कित्ता एक भन्दा बढी क्षेत्रमा परेमा जुन क्षेत्रमा बढी जग्गा पर्दछ त्यही क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:** श्री सिद्धेश्वर महादेव वृद्ध आश्रम, श्री बुद्ध शान्ति पार्क निर्माण समिति, शाखा कार्यालय गैँडाकोट-३ केलादीको सदस्य बन्ने तथा सो बापत रु. २५,००१।- (अक्षरुपी पच्चीस हजार एक रुपैंया मात्र) सरकारी निकाय/संघ/संस्था समिति शीर्षकबाट नगद सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:** नेपाल विद्युत प्राधिकरण भरतपुर वितरण केन्द्रबाट बाँकी बक्यौता बापत रु १२,५०,४९३.७५।- (अक्षरुपी बाह्र लाख पचास हजार चार सय त्रियानब्बे रुपैया पैसा पचहत्तर) रकम दाबी गरेको पत्र प्राप्त भयो तर यस बारेमा थप प्रष्ट हुनको लागि विस्तृत विवरण माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:** राष्ट्रिय भूमी आयोग जिल्ला समिति दमौलीले जग्गा नापजाँच गर्ने प्रक्रिया अगाडी बढाएकोले वडा नं. ५ मा छुट दर्ताको लागी र वडा नं. १ देखि वडा नं. ४ सम्म पुरानो दर्ता र छुट दर्ता भएका निवेदकको जग्गा नापजाँच गर्न टोटल स्टेशन सामान भाडामा लिने तथा नियन्त्रण विन्दु राख्ने लगायतको कामको लागि परामर्शदातासँग सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं. ९: देवघाट गाउँपालिका स्तरीय तेस्रो चौमासिक सार्वजनिक सुनुवाई मिति २०८०/०३/२२ गते गर्ने र उक्त कार्यक्रमको सहजीकरणका लागि बिहानी ब्रोडकास्टिङ् मिडिया प्रा.लि. देवघाट-५, तनहुँलाई भ्याट समेत रु. ९८,९५०।– (अक्षरुपी अन्ठानब्बे हजार नौ सय पचास रुपैंया मात्र) (भ्याट समेत) मा नबढ्ने गरी सम्झौता गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष